नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

चैत्र/वैशाख २०७०/७१ (April 2014) वर्ष १८/अङ्क २०५


## २०१४ साल आशिष्को वर्ष

प्रस्तुतिः पाष्टर डा. राजेन्द्र कु. रोंगोंग

**आदरणीय पाष्टर रोबर्ट कार्थक गुरुबाले फागुन ६ गते/फरवरी १८ ता. मंगलबारको दिन नेइम पूर्णकालिन सेवक/सेविकाहरूको प्रार्थना सभामा बाङ्नुभएको वचनको सारसंक्षेपः**

हामीले २०१४ अर्थात् नयाँ वर्षमा प्रवेश गरिसकेका छौं । आज हामी अघिल्तिर जानुपर्छ। बितेका दिन सम्झेर त्यसमा बस्नु हुँदैन । यदि हामी नयाँ कुराहरू चाहन्छौं भने हामीलाई नयाँ आशिषहरूको आवश्यकता पर्छ । हामीले गरिराखेको उही पुरानो तरिकाले हामी नयाँ कुराहरू प्राप्त गर्न सक्तैनौं । हामीले नयाँ कदम चाल्नुपर्नेछ । हामीलाई पवित्र आत्माद्वारा येशूले जीवन दिनुभएको छ । हामी जीवित छौं (रोमी ८:११) । हामीले आशिष् पाइरहेका छौं र यिनै पाइरहेको आशिष्मा मात्र सन्तुष्ट बस्नु हुँदैन। हामी अघि बढ्नुपर्छ।

यहोशू ५:१०-१२ अनुसार इस्राएलीहरूले यर्दन नदीको पारीपट्टि अर्थात् प्रतिज्ञाको देशमा यरीहोको मैदानमा निस्तार-चाड मनाए र **"त्यसको भोलिपल्ट, त्यही दिन तिनीहरूले त्यस देशको उब्जनीबाट अखमिरी रोटी र भुटेको अन्न खाए । तिनीहरूले त्यस देशको उब्जनीको अन्न खाएको भोलिपल्टदेखि नै मन्न थामियो, र त्यसपछि इस्राएलीहरूलाई मन्न कहिल्यै पनि मिलेन। तर त्यस साल तिनीहरूले कनान देशको अन्न खाए ।"** मन्नको लागि इस्राएलीहरूले काम गर्नु पर्दैन थियो । यो परमेश्वरले इस्राएलीहरूलाई उजाड-स्थानमा दिनुभएको आशिष थियो तर अन्न प्रतिज्ञाको देशको भोजन थियो र यसको निम्ति इस्राएलीहरूले परिश्रम गर्नु अनिवार्य थियो। मन्नको लागि परमेश्वरलाई "भन्न" पर्थ्यो तर अन्नको लागि जमीन खन्नुपर्ने भयो। हाम्रो अघि यही प्रश्न छ – अन्न कि मन्न ? मन्न उजाड-स्थान वा मरूभूमिको लागि मात्र हो भने अन्न प्रतिज्ञाको देशको लागि हो। हामीले मन्न कि अन्न छान्नुपर्छ। निर्णय हाम्रो हो। उजाड-स्थान अनिश्चित कालको अपरिपक्वताको चित्र हो । यो स्थान वा स्थिति सधैं माग्ने केटाकेटीहरूको लागि हो । इस्राएलीहरू अपरिपक्व भएसम्म परमेश्वरले उनीहरूलाई मन्न दिनुभयो। परमप्रभुको इच्छा थियो इस्राएलीहरूलाई प्रतिज्ञाको देश दिने । परमेश्वरले यहोशूलाई प्रतिज्ञा गर्नुभएको थियो, "... **तेरा पैतालाले कुल्चिने सबै जग्गा तँलाई दिनेछु (यहोशू १:३) ।"**

प्रतिज्ञाको देश प्रवेश गरेपछि हामीले कोदालो लिई जमीन खन्नुपर्छ र मात्र अन्न पाइन्छ। बाइबल जमीन जसतो हो, हामीले खन्नुपर्छ अर्थात् अध्ययन गर्नुपर्छ । हामीमध्ये कतिलाई बाइबल पढ्न मन पर्दैन हामीसित तिर्खा छैन। हामीलाई त लाल समुद्रको उजाड-स्थानतिरै जान मनपर्छ । हामीहरूका बितेका समयका कुराहरूले हामीलाई अघि बढ्न दिँदैन। शैतानले हाम्रो भूतकालका अनुभव वा घटनाहरूका दोष देखाई हामीलाई निरूत्साहित गर्न खोज्छ । त्यो यस काममा निरन्तर लागेको हुन्छ । अहिले हामी नयाँ करारको समयमा छौं । पुरानो करारमा उल्लेख भएका प्रतिज्ञा अहिले पूरा भएको छ :

> **"परमप्रभु भन्नुहुन्छ, ती दिन आउनेछन्,**
> **जब इस्राएलको घरानासँग**
> **र यहूदाको घरानासँग म एउटा नयाँ**
> **करार स्थापना गर्नेछु ।** ...
> **"... किनकि सानादेखि लिएर ठूलासम्म**
> **तिनीहरू सबैले मलाई चिन्नेछन्,**
> **परमप्रभु भन्नुहुन्छ । किनकि**
> **तिनीहरूका अपराधहरू म क्षमा गर्नेछु,**
> **र म तिनीहरूका पाप फेरि कहिल्यै**
> **सम्झने छैन ।" (यर्मिया ३१:३१-३४)**

पुरानो करारमा पाप क्षमाको निमित्त पशुबलि पटक पटक चढाइरहनुपर्थ्यो तर नयाँ करारमा **"खीष्टले त पापहरूका निम्ति सदाको लागि एउटै बलिदान चढाउनुभयो, अनि उहाँ परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो"** (हिब्रू १०:१२) । अनि प्रभुले यो पनि भन्नुभयो, **"... तिनीहरूका पाप र तिनीहरूका दुष्कर्महरू म फेरि सम्झनेछैन"** (हिब्रू १०:१७) ।

के तपाईं आफ्ना पुराना पापहरू सम्झँदै हुनुहुन्छ ? याद गर्नुहोस् यो शैतानको काम र यसले हाम्रो प्रगतिलाई रोक्दछ। हामीले प्रभु येशूमा विजय प्राप्त गरेका छौं र हामीले निरूत्साह होइन येशूको विजयद्वारा आनन्द र उत्साह पाएका छौं ।

पावल लेख्दछः

> **"मैले यी सबै अघिबाट प्राप्त गरिसकेको छु, अथवा म अघिबाटै सिद्ध भइसकेको छु भनेर त होइन, तर यी कुराहरूलाई पक्रनको निमित्त म अघि बढिरहेको छु जुन कुराको निम्ति खीष्टले मलाई पक्रनुभयो । भाइ हो, मैले यी सबै पक्रिसकेको छु भनी म ठान्दिनँ, तर म एउटा कुरा गर्दछु, कि पछाडिका कुराहरू बिर्सेर अगाडिका कुराहरूतिर जोडसँग लम्कँदै खीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर म जोडसँग अघि बढ्दछु" (फिलिप्पी ३:१२-१४) ।**

फेरि पावल यो पनि लेख्दछन् :

**"किनकि म पक्का गरी यो जान्दछु कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, वा शक्तिहरूले, उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, खीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्ने छैन (रोमी ८:३८-३९) ।**

पावलले आफ्ना यी भनाइहरूमा भूतकाल (वा बितेका समयको कुरा) उल्लेख गर्दैनन् । यति मात्र लेख्छन् 'वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले परमेश्वरको प्रेमदेखि मलाई अलग गर्न सक्दैन १ कोरिन्थी ३:२२ मा "चाहे पावल, अपोल्लस, केफास, संसार, जीवन, मृत्यु, **वर्तमान कि भविष्य** सबै तिमीहरू हुन्" भनी लेखेका छन् । भूतकालको त्यहाँ उल्लेख छैन। भूतकाल हाम्रो निम्ति होइन ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
| चैत्र २९ गते<br>अप्रिल १२ ता. | पा. रोबर्ट कार्थक<br>पा. प्रेम श्रेष्ठ | एल्डर<br>पूर्ण सुनुवार | पाष्टर<br>अशोक मुखिया | श्री<br>दानिएल घले | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>दिल थापा | डीकन<br>घन श्याम दाहाल |
| वैशाख ६ गते<br>अप्रिल १९ ता. | डीकन<br>अर्जुन ढकाल | श्री<br>सिद्धि खालिङ | श्री<br>दिनेश नेपाली | एल्डर<br>दिल थापा | डीकन<br>घनश्याम दाहाल | डीकन<br>घन श्याम दाहाल | श्री<br>पुरुषोत्तम न्यौपाने |
| वैशाख १३ गते<br>अप्रिल २६ ता. | पाष्टर<br>म्याथ्यु वाई | श्रीमती<br>रश्मिला तामाङ्ग | डीकन<br>बागमान तामाङ्ग | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>श्रीलक्ष्मी सैंजु | डीकन<br>नवराज के.सी. | संयुक्त सेवा<br>ललितपुर चर्च |
| वैशाख २० गते<br>मे ३ ता. | पा. सामुएल कार्थक<br>पा. रोबर्ट कार्थक | डीकन<br>मान बहादुर मगर | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर<br>दफ्तन सादा | एल्डर<br>रूबेन श्रेष्ठ | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>शरण राई |

यसर्थ यो नयाँ वर्षको निमित्त हामीलाई परमेश्वरको वचन यो छ : **"बितेका कुराहरूलाई नसम्झ, उहिलेका कुराहरूलाई विचार नगर"** (**यशैया ४३ः१८**) (सन् १९९१ संस्करणअनुसार) । परमेश्वरले ठूलो नयाँ काम गर्न लाग्नुभएको छ । यसको लागि परमेश्वरले हामीलाई खीष्टको अभिषेक दिनुभएको छ । पुरानो करारअनुसार 'असल गरे असल, खराब गरे श्राप' थियो भने नयाँ करारमा 'तिमीहरू गर कि नगर, म गरिदिन्छु ।' हाम्रो काम केवल परमेश्वरले पठाउनुभएको येशू खीष्टमाथि विश्वास गर्नु हो । (हेर्नुहोस् यूहन्ना ६ः२८-२९) । परमेश्वरले हामीद्वारा नयाँ काम गर्न लाग्नुभएकोछ र हामीलाई खीष्टले अभिषेक समेत दिनुभएको छ ।

# प्रार्थनाका विषयहरु

१) गूड फ्राइडे र ईस्टरको समयमा प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

२) सुसमाचार प्रचार गर्नलाई हामी सबै प्रार्थनासहित लागिपर्न सकौं जसको फलस्वरूप धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

३) नेपालका सुसमाचार पुग्न नसकेका गाउँ, जिल्लाहरूमा र मण्डली स्थापना हुन नसकेका ठाउँहरूमा सुसमाचार पुग्न सकोस् र मण्डली स्थापना भएको होस् ।

४) देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि, एकता, र मेल मिलाप मागिदिऔं साथै सबैको हित हुने ठीक संविधान समयमा बन्न सकोस् ।

५) नेइम अन्तर्गतका मण्डलीहरू ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, सुन्दरीजल, सिर्जनानगर, गाम्छा, रानीपौवा, गुर्जुधारा, भैंसेपाटी र धापासी मण्डलीहरूको सेवा संगतिहरूमा मण्डलीको वृद्धिको लागि परमेश्वरबाटको आशिष् मागौं साथै यी मण्डलीहरूमा सेवकाई गर्नुहुने अगुवा गुरूजनहरूको लागि पनि प्रार्थना गरौं ।

६) नेपाल देशका सबै मण्डलीहरू प्रार्थना, वचन, पढाई, स्तुति प्रशंसा, सुसमाचार प्रचार, प्रेम र पवित्रताको क्षेत्रमा अझै अघि बढ्दै जान सकून् साथै खीष्ट प्रभुको दोस्रो आगमनको निम्ति सधैँ तयार रहनेहरू हुन सकून् ।

९) नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीहरू साथै देशभित्र, देशबाहिर मिशनरी भएर सेवकाईको लागि जानुभएकाहरूको सेवकाई, मण्डलीसाथै संगति झुण्डहरूको लागि प्रार्थना गरिदिऔं ।

१०) एस.एल.सी. तथा अन्य स्कूल र कलेजका कक्षामा परीक्षा दिनुभएका-हरूको लागि प्रार्थना गरिदिऔं ।

| कार्यक्रम | बार | समय | स्थान | |
|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे<br>बिहान ८:०० बजे भैंसेपाटी | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, धापासी र साँखु | |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (बिहान ७:३०, ९:३० र ११:३० बजे) | |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ | |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल | |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा, भैंसेपाटी | |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, गोंगबू, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल<br>जोरपाटी | |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन | बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाइलेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर | |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), पिंगलास्थान, ताहाचल | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैसेपाटी, कमलाक्षी, ताहाचल, बाँसघारी पतलीसडक | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ | |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल, ठिमी-नगदेश | दिउँसो ३:०० बजे पनौती |

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
| चैत्र २९ गते<br>अप्रिल १२ ता. | डी.पासाङ्ग तामाङ्ग<br>ए. गोपी राई | डीकनेस्<br>राममाया नगरकोटी | डीकन<br>नर बहादुर श्रेष्ठ | श्री<br>भक्ति लामा | श्री<br>कृष्ण श्रेष्ठ | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | श्री<br>कुमार सेन्चुरी |
| वैशाख ६ गते<br>अप्रिल १९ ता. | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | पाष्टर<br>एल.पी. न्यौपाने | डीकन<br>जिल्बर्ट मिशो | श्रीमती<br>रीना तामाङ्ग |
| वैशाख १३ गते<br>अप्रिल २६ ता. | पा. महेश थान्जू<br>ए. सागर थापा | डीकन<br>पासाङ्ग तामाङ्ग | एल्डर<br>गोपी राई | पाष्टर<br>महेश थान्जू | श्री<br>भक्ति लामा | श्री<br>जय सिंह | डीकन<br>सिमोन पाठक | डीकन<br>बेन्जामिन तामाङ्ग |
| वैशाख २० गते<br>मे ३ ता. | पा. महेश थान्जू<br>ए.दानिएल साप्कोटा | एल्डर<br>सागर थापा | पाष्टर<br>महेश थान्जू | एल्डर<br>जमान घलान | एल्डर<br>गोपी राई | पाष्टर<br>एल.पी.न्यौपाने | पाष्टर<br>बर्णबास श्रेष्ठ | संयुक्त सेवा<br>गोंगबूँ चर्च |

# हार्दिक बधाई



फागुन १८ गते/मार्च २ तारिख आइतबार नेइम ज्ञानेश्वर मण्डली अन्तरगतको छोरी संगति नेइम पाखर सिन्धुपाल्चोकको सदस्य सुश्री **सोनु भण्डारी** र इम्मानुएल चर्च बाह्रबिसेका सदस्य श्री **रेशम लाल श्रेष्ठ**को नेइम पाखर सिन्धुपाल्चोकमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती रेशम/सोनु श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन २५ गते/मार्च ९ तारिख आइतबार नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य सुश्री **रिना लिम्बू** र न्यु लाइफ एपोस्टलिक चर्च, बल्खुका सदस्य श्री **भिम प्रसाद साँवाको** नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा **श्रीमान/श्रीमती भिम प्रसाद/रिना साँवा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

# जानकारी

१) फागुन १५ गते/फरवरी २७ ता. बिहीबार नेइम गोंगबूँ मण्डलीमा १ जनाले पानीको बप्तिस्मा लिनुभयो ।

२) फागुन २४ गते मार्च ८ तारिख शनिबार नेइम सिर्जनानगर मण्डली, भक्तपुरमा डीकन जेम्स राईलाई एल्डर, श्री दान बहादुर अधिकारीलाई डीकन, श्रीमती सावित्री ह्याँजु, श्रीमती सिला राई र श्रीमती रमा राईलाई डीकनेस् अभिषेक गरियो ।

३) फागुन २९ गते/मार्च ९ ता. आइतबार नेइम रातोमाटे संगति भवन अर्पण गरियो साथै सोही दिन श्री राम कृष्ण राई र श्री रण बहादुर बि.क.लाई डीकन अभिषेक गरियो ।

४) चैत्र १ गते/मार्च १५ ता शनिबार नेइम गोंगबूँ मण्डलीमा ८ जनाले समर्पण गर्नुभयो ।

५) चैत्र ८ गते/मार्च २२ ता. शनिबार नेइम ज्ञानेश्वर चर्चमा २८ बालबालिकाहरूको बाल अर्पण भयो ।

६) चैत्र १३ गते/मार्च २७ ता. बिहीबार नेइम धापासी मण्डलीमा ६ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।



बेथानी आश्रममा बस्नुहुने, नेइम ललितपु मण्डलीको सदस्य श्रीमती ठूली अधिकारी ८१ वर्षको उमेरमा फागुन २७ गते/मार्च ११ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।



फुटुङ्गमा बस्नुहुने, नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री राम प्रसाद डंगोल ६४ वर्षकोउमेरमा चैत्र ८ गते/मार्च २२ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।



गागल फेदीमा बस्नुहुने, नेइम सुन्दरीजल मण्डलीको सदस्य श्रीमती रत्न कुमारी सुनार ७७ वर्षको उमेरमा चैत्र १५ गते/मार्च २९ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।

# अप्रिल महिनाको कार्यक्रम

१) वैशाख १ गते अप्रिल १४ तारिख सोमबार **नयाँ वर्ष**को प्रार्थना बिहान १०:०० बजे देखि दिउँसो १:०० बजे सम्म आ-आफ्नै मण्डलीमा ।

२) वैशाख ५ गते अप्रिल १८ तारिख शुक्रबार **गुड फ्राइडे सेवा** बेलुकी ५:३० देखि ७:०० बजे सम्म आ-आफ्नै मण्डलीमा ।

३) वैशाख ७ गते अप्रिल २० तारिख आइतबार **सूर्योदय सेवा** बिहान ६:०० बजे देखि ७:१५ बजे सम्म आ-आफ्नै मण्डलीमा ।

## शुभकामना

**सारा संसारका मानव जातिको उद्धारको निम्ति ख्रीष्ट येशू क्रूसमा बलि हुनभई तेस्रो दिनमा पुनरूत्थान हुनु भएको (Easter) साथै नव वर्ष २०७१ सालको सुखद अवसरमा सम्पूर्ण मण्डली परिवारमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

| | | | | |
|---|---|---|---|---|
| **आइतबार Sunday** | २३ 6<br>बेथानी आश्रममा बस्नुहुने साथै मण्डलीका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**यशैया ४६:३-४** | ३० 13<br>मण्डलीमा भइरहेको प्रार्थना सभाहरू अन्य ठाउँहरूमा पनि फैलिएर जान सकून साथै प्रार्थना गर्नेहरू पनि अझ धेरै बढेर गएको होस् ।<br>**यशैया ५६:६-८** | ७ 20<br>गुड फ्राइडे र इस्टरको समयमा विभिन्न माध्यमहरूद्वारा साथै सेवा संगतिहरूमा प्रचारिएको सुसन्देशद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>**यूहन्ना ११:२५-२६** | १४ 27<br>सेवा संगतिदेखि टाढिएकाहरू र प्रभुको प्रेमलाई चाखेर फेरि संसारतिर फर्केर गएकाहरू साँचो पश्चातापी भएर प्रभुमा फर्कन सकून् ।<br>**यर्मिया ३१: १८-२०** |
| **सोमबार Monday** | २४ 7<br>हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीले प्रार्थनाको महत्त्व बुझी प्रार्थना सभामा आउन सकून् ।<br>**यूहन्ना १४:१२-१४** | १ बैशाख २०७१ 14<br>विश्वासीहरूको जीवनमा प्रार्थना, वचन पढाई, प्रशंसा र सुसमाचार प्रचार गर्ने कुरा कहिले पनि नरोकिएको होस् ।<br>**प्रेरित २:४२-४७** | ८ 21<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं ।<br>**१ कोरिन्थी १५:५८** | १५ 28<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>**१ थेसलोनिकी ५:१६-१८** |
| **मंगलबार Tuesday** | २५ 8<br>मण्डलीमा भइरहेको आत्मिकी तथा चङ्गाई सेवामा धेरैले आत्माको भरीपुरी पाउनका साथै चङ्गाई, छुटकारा, स्वतन्त्रता पाउन सकून् ।<br>**भजन ३०:११-१२, यशैया ३५:३-६** | २ 15<br>प्रत्येक परिवारमा पारिवारिक बेदी कहिले पनि सेलाएर नगएको होस् ।<br>**लेवी ६:१२-१३, यहोशू २२:१९, २९** | ९ 22<br>विभिन्न देशहरूमा काम, पढाई तथा अन्य कारणले जानु भएका-हरूको लागि प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह १२१:१-८** | १६ 29<br>स्कूल, क्याम्पस, उच्च शिक्षा साथै विभिन्न तालिम लिइराख्नु भएका-हरूको लागि प्रार्थना गरिदिऔं ।<br>**हितोपदेश ३:१-६** |
| **बुधबार Wednesday** | २६ 9<br>मण्डलीमा भइरहेको सबै सेवा संगतिहरूद्वारा हामी सबै दिन प्रतिदिन परिपक्वतातिर बढ्दै जान सकौं ।<br>**२ तिमोथी ३:१४-१७** | ३ 16<br>घरेलु संगतिका सबै अगुवाहरूले आफ्नो झुण्डलाई हुर्काउने, बढाउने काम पवित्र आत्माको सहायताद्वारा अझ उत्साहसाथ गर्दै जान सकून् ।<br>**१ पत्रुस ५:२-४** | १० 23<br>आफूले पाएका विभिन्न वरदानहरू प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबैले परमेश्वरको महिमाको लागि चलाउन सकून ।<br>**रोमी १२:६-८** | १७ 30<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट र खेदो भोगिरहनु भएका-हरूका निम्ति प्रभुबाटको सामर्थ्यमा बलियो भई प्रभुको साक्षी हुन सकून् ।<br>**रोमी ८:३७-३९** |
| **बिहीबार Thursday** | २७ 10<br>परिवारका सबै सदस्यहरू परिवारमा, मण्डलीमा र समाजमा असल साक्षी भएर जिउन सकून् ।<br>**एफिसी ४:१७-२४** | ४ 17<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन आफ्नो परिवार र मण्डलीको लागि आशिषमय बन्न सकून् ।<br>**रोमी १६:३-५** | ११ 24<br>बाल संगतिका सबै शिक्षक शिक्षिकाहरूले बोझ दर्शन लिएर बालबालिकाहरूलाई प्रभुमा डोऱ्याउन सकून् ।<br>**भजनसंग्रह ७८:१-८** | १८ May 1<br>सबै बालबालिकाहरूको आत्मिक जीवन, पढाई, स्वास्थ्य र सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।<br>**यशैया ६१:८-९** |
| **शुक्रबार Friday** | २८ 11<br>विभिन्न सेवा संगतिहरूमा वचन-को सेवाकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाई र अभिषेक मागिदिऔं ।<br>**२ कोरिन्थी १६:१३-१५** | ५ 18<br>ख्रीष्ट येशू प्रभुको क्रूसको मृत्यु र बौरी उठाइको सुसन्देश सारा संसारका मानिसहरूले आफ्नो बनाई सबैले अनन्त जीवन पाउन सकून् ।<br>**हिब्रू ९:२२-२८, १०:४-१०** | १२ 25<br>मण्डली वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>**यूहन्ना १४:२१, २३-२४** | १९ 2<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले खीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>**यशैया ४५:२०-२३** |
| **शनिबार Saturday** | २९ 12<br>परमेश्वर प्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाई, व्यवसाय तथा खेतीपातीको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार भइरहन सकौं ।<br>**२ कोरिन्थी ९:६-१३** | ६ 19<br>सबै इसाईहरूले क्रूसको प्रेमको अर्थ बुझेर उहाँको निम्ति जिउनेहरू हुन सकौं ।<br>**२ कोरिन्थी ५:१४-१५** | १३ 26<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>**प्रस्थान २०:१-६** | २० 3<br>सबै ख्रीष्टीय संघ संस्थाहरूमा सेवकाई गर्नुहुने सेवक सेविका-हरूको लागि आशिष मागिदिऔं ।<br>**२ तिमोथी ४:५** |